# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ४** **भागः २** **संख्याः २**

**प्रमाणीकरण मितिः२०८१/२/२** **कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/२/२**

## सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन भएका घर परिवारहरूले सुरक्षित आवास आफैले निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका अन्य आवश्यक सामग्री खरिद गर्नको लागि गरिवीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित आवास निर्माणको लागि सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्न

वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मानेभन्ज्याङ गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणिकरण भई राजपत्रमा प्रकाशन भएपश्चात लागू हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमाः

(क) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा, पानी थेक्न सक्नेगरी निर्माण गरिएको काठ, ईट्टा, ढुंगा वा ब्लक आदिको गारो भई पराल, खर बाहेकको छानायुक्त आवासीय भवन सम्झनुपर्दछ ।

(ग) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छानो भएका घरपरिवार र प्रकोपको कारण घरबारविहिन परिवार सम्झनुपर्दछ ।

(घ) "लाभग्रही" भन्नाले दफा ४ बमोजिम छनौट गरिएको ब्यक्ति वा परिवार सम्झनुपर्दछ ।

(ङ) "समन्वय समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम सुरक्षित आवास निर्माणका लागि सम्बन्धित पक्षहरूसँग आवश्यक समन्वयका लागि गठित समिति सम्झनुपर्दछ ।

(च) "अनुगमन तथा सुपरीवेक्षण समिति" भन्नाले दफा ९ को उपदफा (१) बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न गठित समिति सम्झनुपर्दछ ।

(छ) "सम्पर्क इकाई" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम तोकिएको शाखालाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

## लक्षित वर्ग पहिचान, प्राथमिकता निर्धारण र छनौटका आधार

३. लक्षित वर्गको पहिचान : लक्षित वर्गको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ।लक्षित वर्गको पहिचान गर्दा देहायमा उल्लेखित सूचकहरूको अधिनमा रही गर्नुपर्नेछ।

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छानो पराल, खर, स्याउला, आसवेसटस, बिटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी र हुरीबाट सहजै प्रभावित हुनसक्ने अन्य सामग्रीबाट छाएको,

(ख) गरिबीको रेखामुनी रहेको र आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाण-पुर्जा वा घरजग्गा तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको तथा अन्यत्र कुनै स्थानमा जायजेया नभएको स्वघोषणा गरेको,

(ङ) प्रकोपका कारण घरबारबिहिन भएकाको हकमा विपद् व्यवस्थापन समितिको निर्णय तथा प्रहरी मुचुल्का सहित सम्बन्धित बडा कार्यालयको सिफारिस पत्र,

(च) गरिबीको रेखामुनी रहेका परिवारको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**४.लाभग्राहीको प्राथमिकताको निर्धारण र छनौटः** (१) सम्बन्धित वडा कार्यालयहरूले यस कार्यक्रम अन्तर्गत लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदीको आधारमा अनुसूची १ बमोजिम अंक प्रदान गरी प्राथमिकताक्रम सहित लाभग्राहीको सूची तयार गरी सम्पर्क इकाई मार्फत "समन्वय समिति" समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिइनेछ । त्यसैगरी प्रकोपका कारण घरपरिवार विहिन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सम्बन्धित वडा कार्यालयबाट पहिचान तथा प्राथमिकता निर्धारण भई आएको संभावित लाभग्राहीहरूको सूचीको सम्बन्धमा समन्वय समितिले जाँचबुझ गरी आवश्यक देखेमा संशोधन सहित प्राथमिकताको आधारमा लाभग्राहीको रूपमा स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम लाभग्राही स्वीकृत गर्दा संगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ ।

(५) उपलब्ध बजेटको आधारमा कुल लाभग्राही संख्या तथा बडागत लाभग्राही संख्या निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**५. वित्तीय प्रबन्ध, लाभग्राही छनौट र अनुदान सम्झौता प्रक्रियाः** (१) नेपाल सरकार तथा प्रदेश सरकारसँग समेत समन्वय गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकामा रहेको सम्पर्क इकाईले सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश हुनको लागि आह्वान गरी सार्वजनिक सूचना प्रकाशन तथा व्यापक प्रचारप्रसार गर्नेछ । यस कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित व्यक्तिहरूले आ-आफ्नो बड़ा कार्यालयमा आवेदन दिनुपर्नेछ ।

(३) कार्यक्रममा सहभागी हुनको लागि आवेदन दिएका व्यक्तिहरूको पहिचान तथा प्राथमिकता निर्धारण यस कार्यविधिको दफा ३ र ४ बमोजिम सम्बन्धित वडा कार्यालयले गर्नेछ ।

(४) प्राथमिकताक्रम सहित लाभग्राहीको सूची तयार गरी सम्बन्धित बड़ा कार्यालयको सिफारिसमा समन्वय समितिबाट स्वीकृत

भएका लाभग्राहीको विवरण कार्यालयको सूचना पाटी र वेबसाइट मार्फत प्रकाशन गर्नुपर्नेछ ।

(५) सुरक्षित आवास निर्माणको लागि आवश्यक पर्ने जस्तापाताको परिमाण र सोको लागत निकाल्नको लागि सम्बन्धित वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी लाभग्राहीको घरमै पुगी घरको नापजाँच गरी सोको विस्तृत लागत प्रतिवेदन (इस्टिमेट) उपलब्ध गराउनु पर्नेछ ।

(६) यस कार्यक्रम अन्तर्गत स्वीकृत भएका लाभग्राहीले सुरक्षित आवास निर्माण गर्दा रु.५०,०००/- (अक्षेरेपी प्रचास हजारमात्र। मुल्य बराबरको जस्तापाता अनुदान स्वरूप प्राप्त गर्नेछन् । प्राविधिक स्टिमेट अनुसार रू. ५०,०००/- (अक्षरेपी पचास हजारमात्र) भन्दा बढी रकमको जस्तापाता लाग्ने देखिएमा त्यसरी बढी लाग्ने रकम सम्बन्धित लाभग्राही स्वयंले व्यहोर्नुपर्नेछ ।

(७) समन्वय समितिबाट स्वीकृत भएका लाभग्राहीहरूसँग गाउँपालिकाले अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । यसरी सम्झौता गरेका लाभग्राहीहरूलाई गाउँपालिकाले टेन्डर प्रक्रियामार्फत जस्तापाता खरिद गरी उपलब्ध गराउनेछ वा लाभग्राही आफैले जस्तापाता खरिद गर्न सक्नेछ । लाभग्राही आफैले जस्तापाता खरिद गर्ने प्रकृयाको लागि सम्बन्धित लाभग्राहीको बैक खाता मार्फत भुक्तानी तथा निकासा दिइनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि कार्यक्रमलाई तिव्रता दिन लाभग्राहीको संख्या र आवश्यक जस्तापाताको परिमाण पूर्वानुमान गरी सम्झौता अगावै जस्तापाता खरिदको टेन्डर आह्वान गर्न यो दफाले बाधा पारेको मानिनेछैन ।

(९) टेन्डर प्रक्रियामार्फत जस्तापाता खरिद गरी लाभग्राहीहरूलाई वितरण हुने जस्तापाता सम्बन्धित लाभग्राहीको घरसम्म लाग्ने ढुवानी भाडा तथा अन्य व्यवस्था लाभग्राही आफैले गर्नुपर्नेछ।

६. **निर्माण सम्पन्न भएको मानिनेः** घर निर्माण सम्पन्न भएपश्चात सम्बन्धित बडाको प्राविधिकले अनुसूची -३ को ढाँचामा कार्यसम्पन्न भएको प्रतिवेदन पेश गरी प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद - ४

## कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था

७. समन्वय समितिः (१) सुरक्षित नागरिक आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समिति रहनेछ-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष -उप-संयोजक

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(च) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख -सदस्य

(छ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

**८. समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) यो कार्यविधि कार्यन्वय गर्ने सन्दर्भमा सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेटको लागि गाउँ कार्यापालिकासँग समन्वय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि उपलब्ध वार्षिक बजेट र आवश्यकताको आधारमा बडागत रुपमा अधिकतम् आवास संख्या निर्धारण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्याहरू समाधान गर्ने साथै बाधा अड्चन फुकाउन कार्यविधिमा संशोधन वा समयानुकुल बनाउन परिमार्जन गर्नुपरेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयनसँग सम्बन्धित पक्षहरू बीच समन्वय गर्ने,

(ङ) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्यहरू गर्ने ।

**९. अनुगमन तथा सुपरीवेक्षण समितिः** (१) कार्यक्रमको प्रभावकारी रूपमा संचालन भए, नभएको अनुगमन तया मूल्याङ्कन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ-

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजक - सदस्य
(घ) गाउँपालिकाको लेखा शाखा प्रमुख - सदस्य
(ङ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य
(च) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको बडा सदस्य सदस्य - सदस्य
(छ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

**१०. अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः**
(१) यो कार्यविधि अनुसार सुरक्षित नागरिक आवास निर्माण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन तथा सम्पन्न गर्न गठित अनुमगन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) कार्यविधि अनुसार कार्यक्रम सञ्चालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,
(ख) कुनै लाभग्राहीले सम्झौता अनुसार कार्य सम्पन्न नगरेको पाइएमा त्यस्तो लाभग्राहीलाई कारबाही गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,
(ग) अनुगमन तथा सुपरीवेक्षणको क्रममा देखिएका तथ्यहरुको विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने,
(घ) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**११. सम्पर्क इकाई सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमको सम्पर्क इकाईको रूपमा गाउँपालिकाको प्रशासन शाखा रहनेछ ।

(२) सम्पर्क इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश हुनको लागि आह्वान गरी सार्वजनिक सूचना प्रकाशन गरी व्यापक प्रचारप्रसार गर्ने,

(ग) कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित बडा कार्यालयमा आवेदन दिएका व्यक्तिहरूको पहिचान तथा प्राथमिकता निर्धारण गर्न बडा कार्यालयहरूलाई आवश्यक सहजिकरण गर्ने,

(घ) सम्बन्धित वडा कार्यालयहरुकाट पहिचान तथा प्राथमिकताक्रम निर्धारण भई प्राप्त भएको संभावित लाभग्राहीहरूको सूचीलाई जाँचबुझ गरी आवश्यक देखिएमा संशोधन गरी स्वीकृत गर्न समन्वय समिति समक्ष पेश गर्ने,

(ङ) स्वीकृत भएका लाभग्राहीको सूची सार्वजनिक गर्ने र सम्बन्धित लाभग्राहीहरुलाई बडा कार्यालयहरू मार्फत जानकारी दिने,

(च) छनौट भएका लाभग्राहीहरुको घरको छानोको इस्टिमेट गरी लागत निकाल्नको लागि वडा कार्यालयबाट प्राविधिक कर्मचारी खटाउन सहजिकरण गर्ने,

(छ) प्राविधिक इस्टिमेट अनुसार रु. ५०,०००/- भन्दा बढी रकमको जस्तापाता लाग्ने भएमा बढी भएको रकम सम्बन्धित लाभग्राहीबाट व्यवस्था गर्न सहजिकरण गर्ने,

(ज) लाभग्राहीहरुसँग सुरक्षित आवास निर्माणको लागि सम्झौता गरी जस्तापाता खरिदको लागि टेण्डर आह्वान गर्न सहजिकरण गर्ने,

(झ) कार्यक्रमको प्रगति प्रतिवेदन समन्वय समिति मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने,

(ज) समन्वय समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ५
## विविध

१२. **निर्देशन पालना गर्नुपर्नेः** यस कार्यक्रम कार्यान्वियनको सिलसिलामा सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समितिले दिएको निर्देशन सम्बन्धित सबै निकायहरुले पालना गर्नुपर्नेछ ।

१३. **विवादको समाधानः** कार्यक्रम कार्यान्वयको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा सुरक्षित नागरिक आवास कार्यकम समन्वय समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१४. **कारबाही हुनेः** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा जुन प्रयोजनको लागि जस्तापाता उपलब्ध गराइएको हो सोही प्रयोजनमा प्रयोग नगरी अन्य प्रयोजनमा उपयोग गरेको पाइएमा वा अनुदानमा जस्तापाता

उपलब्ध गराएको मितिले तीन महिनाभित्र जस्तापातायुक्त सुरक्षित आवास निर्माण सम्पन्न नगरेमा गाउँपालिकाले निजबाट रू. ५०,०००/- रकम सरकारी बाँकी सरह असुलउपर गर्नेछ। साथै झुट्टा प्रतिवेदन पेश गरेको वा झुट्टा व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता कर्मचारी तथा पदाधिकारीहरुलाई समेत प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

**१५. सुविधा नपाउनेः** नेपाल सरकारबाट भूकम्प पूनर्निमाण, प्रकोप व्यवस्थापन का जोखिम बस्ती स्थानान्तरण जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन । साथै यस पूर्व यसै प्रकृतिका कार्यक्रमबाट लाभान्वित भएका एकाघरका सदस्यले यो सुबिधा प्राप्त गर्ने छैनन् ।

**१६. जस्तापाताको मापदण्डः** यस कार्यक्रम अन्तर्गत वितरण हुने जस्तापाता २६ गेज, ३८ एम्.एम.को हुनुपर्नेछ ।

## अनुसूची १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### लाभग्राहीहरुको छनौटका आधारहरु

| क्र.स. | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | • ३० भन्दा कमलाई -१०<br>• ३० देखी ६० सम्म -५<br>• ६० भन्दा बढी -० | |

| | | | |
|---|---|---|---|
| २ | घरको गारो | • बाँस, चिरपट/कप्टेरो आदी वा त्यसमा पराल/स्याउलाको टाटी -१० <br> • नमिलेको ढुङ्को गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फ्ल्याक, काँचो ईटामा माटोको जोर्नी -५ <br> • मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/ सिमेन्टका जोर्नी -५ | ५० प्रतिशतसम्म जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | • फुस, आसवेटस, स्याउला, प्लास्टिक आदो -१० <br> • खपडा, टायल -५ <br> • ढलान कर्कट पाता -० | आसवेट्स छान स्वास्थ्यको लागि हानीकारक भएको |
| ४ | जग्गाको स्वामित्व | • लाल पुर्जा भएको वा गाँउब्लक वा स्थानीय तहको सिफारिस -१० <br> • नदि/ताल किनारामा बसोबास भएको -० | |
| ५ | घरमुलीको हकमा | • अतिविपन्न असहाय,असक्त, वृद्दवृद्दा, अनाथ बालबालिका, एकल महिला घरमुली भएको -१० <br> • अन्य -० | |
| **जम्मा अंक** | | **५०** | |

नोटः (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिनेछैन ।

(२)प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजिमको मूल्याङ्कन गरिनेछैन ।

(३) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिमको मूल्याङ्कन गरिने छैन । वडा कार्यालयको सिफारिसको आधारमा सुरिक्षत नागिरक आवास कार्यक्रम समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

## अनुसूची २

## (दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

## सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राहीसँग गरिने अनुदान सम्झौता-पत्र

| | |
|---|---|
| घरधनी सर्वेक्षक क्रम संख्या | |
| सम्झौता क्रमांक संख्या | |

मानेभन्ज्याङ गाँउपालिका,गाँउ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र पराल तथा खरको छानो भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरिक्षत नागिरक आवास निर्माण कार्यक्रमका लागी ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ गाँउपालिका वडा नं. ..... , ............ गाँउ/टोलको लाभग्राही ................. को नाति/नातिना/बुहारी ...................... को छोरा/छोरी/पत्नी वर्ष .....

को श्री ......... (यसपछि दोस्रो पक्ष भनिने) का बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाँउपालिकाले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाँउपालिकाले तोकेको  मापदण्ड बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न  गराउन मिति २०८१ साल ..... महिना .... गतेको दिन यो अनुदान सम्झौता-पत्रमा सहिछाप तथा  दस्तखत गरेका छौं ।

**दोस्रो पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरुः**

१. मेरो घर पराल/ फुसको छाना रहेको ठीक साँचो हो । मैले मेरो घरको पराल/ फुसको छानो रहेकाले सुरक्षित नागरिक आवास निर्माण सम्बन्धी कार्याविधि, २०८० एवम् सम्झौता-पत्र उल्लेखित शर्त अनुरुप सुरिक्षत आवास बनाउनेछु ।

२. गाँउपालिकाबाट अनुदानमा उपलब्ध हुने जस्तापाता बाहेक अन्य निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन । अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमीक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. सुरक्षित नागरिक आवास निर्माणको लागि प्राप्त हुने जस्तापाता गाँउपिलकाबाट छनौट गरीएको मेरो मूल घरको पराल/खर/फुसको छानो हटाई जस्तापाता लगाउनका लागि उपयोग गर्ने छु ।

४. गाँउपालिकाले  उपलब्ध गराउने बाहेक थप लाग्ने जस्तापाता खरिदको लागि प्राविधिक इस्टामेट अनुसारको अपुग रकम रु. ...... को म स्वंयले व्यवस्था गर्नेछु ।

५. यो सम्झदता भएको मितिले दुई महिनाभित्र जुस्तापाताको छानो राख्ने बाहेकका अन्य निर्माण तथा व्यवस्थापनका सम्पूर्ण कार्यहरु सम्पन्न गर्नेछु ।

६. गाँउपालिकाले तोकेको स्थानबाट मेरो घरसम्म आफ्नै खर्चमा जस्तापाता ढुवानी गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुठ्ठा ठहरे प्रचलित कानून बमोजिमको सहुँला बुझाउँला ।

**प्रथम पक्ष (मानेभन्ज्याङ गाँउपालिका, गाँउ कार्यपालिको कार्यालय) ले मन्जुर गरेका शर्तहरुः**

१. दोस्रो पक्ष बाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्नानुसार सुरक्षित नागरिक आवास निर्माण अनुदान स्वरुप रु. ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) मूल्य बराबरको जस्तापाता पहिलो पक्षले खरिद गरी उपलब्ध गराउनेछ ।

| दोस्रो पक्ष (लाभग्राही) |
|---|
| (क) साभग्राहीको व्यक्तिगत विवरण |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा) ............................................................................ |
| लाभग्राहीको नाम, थर (नेपालीमा) ...................................................................... |
| नागरिकतामा उल्लेखित ठेगानाः जिल्ला ............. गा.पा. .................. बडा नं. ........... |
| ना. प्र. नं. .......................... जारी जिल्ला .................. जारी मिति ............................ जन्म मितिः |

.................................... सम्पर्क फोन नं. ............................

स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा बसाइसराइको विवरण उल्लेख गर्ने-
बसाइसराइ प्रमाण पत्र नं. ........... ................ बसाइसराइ मिति ................................

लाभग्राहीको फोटोः

फोटो

संरक्षक/मञ्जुरी प्राप्त व्यक्तिको-
नाम थरः ..........................

नागरिकतामा उल्लेखित ठेगानाः जिल्ला ........................... गा.पा. ................वडा नं. ........ ना. प्र. नं.......................... जारी जिल्लाः ................... जारी मितिः ............................
जन्म मितिः ................... सम्पर्क फोन नं.:..........................

बाजेको नाम, थरः ..............................................................
बाबुको नाम, थरः ............................................
लाभग्राहीसँगको नाताः .................. सम्पर्क फोन नं.: .............

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

दायाँ

बायाँ

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षरः ......

| |
|---|
| मितिः ............................................. |
| (ख) घर निर्माण हुने जग्गाको विवरणः कित्ता नं. ............... क्षेत्रफल ......... वर्ग मिटर ..........<br>ठेगानाः जिल्लाः ........... गाँउपालिकाः ............ वडा नं. .... |
| (ग) साक्षीको नाम थरः ..............................................<br>हस्ताक्षरः .............................................. |

| प्रथम पक्ष (मानेभन्ज्याङ गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय) | कार्यालयको छाप |
|---|---|
| अधिकार प्राप्त कर्मचारीको नामः .........................<br>पदः ................................................................<br>हस्ताक्षरः .......................................................<br>मितिः.............................................................. | |

आवश्यक कागजातहरुः

१. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको छाँयाप्रति ।
२. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको छाँयाप्रति ।
३. हालसालै खिचिएको लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

# अनुसूची २

## (दफा ५ सँग सम्बन्धित)

## प्राविधिक प्रतिवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर कार्यपालिका/गाँउपालिकाको कार्यालय ।

**<u>विषय : प्राविधिक प्रतिवेदन पेश गरेको वारे ।</u>**

उपरोक्त सम्वन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम :

लाभग्राहीको क्रमसंख्या :

लाभग्राहीको सम्झौताको क्रमसंख्या :

(जुन अवस्था हो सो मा रेजा ☐ लगाउने)

हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)

☐ कार्य सम्पन्न सम्पन्नको हकमा)।

सिफारिस : संलग्न फोटो बमोजिम कार्य भएकोले

☐ अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु।

(नोटः-प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने ।

प्रतिवेदकको :-

दस्तखत :

नाम, थर :

पदः

मिति :

आज्ञाले
छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत